# जडीबुटी एवम् गैह्रकाष्ठ वन पैदावार विकास नीति, २०६१: एक विवेचना

डा. दामोदर प्रसाद पराजुली र हरिशरण लुइँटेल

## पृष्ठभूमि

नेपाल क्षेत्रफलका हिसाबले सानो देश भएतापनि जैविक विविधताका हिसाबले अथाह भण्डारको रुपमा विश्वसामु परिचित छ । यहाँ हालसम्म पत्ता लागेका १० हजार भन्दा बढी वानस्पतिक प्रजातिहरु मध्ये करिब ७०० प्रजातिहरुको औषधीय महत्व भएको थाहा भएको छ भने अन्य प्रजातिको विभिन्न काममा महत्व रहेको पाइन्छ । हाल विश्वमै औषधीजन्य तथा सुगन्धित बोट विरुवा र गैह्रकाष्ठ वन पैदावार (गै.का.व.प.) हरुको महत्व मानव स्वास्थ्य रक्षाका साथै स्थानीय जनताको जीविकोपार्जन र देशको आर्थिक अवस्थामा सुधार ल्याउन समेत रहेको कुरा महसुस गरिएको छ । त्यसैले यस्ता बोटविरुवाहरुको संरक्षण, व्यवस्थापन र विकास गर्नु पर्ने आवश्यकता टड्कारो रुपमा खड्किएतापनि नेपालमा यिनको संरक्षण, व्यवस्थापन र विकासकालागि आवश्यक पहल कदम गर्ने काम व्यवस्थित रुपले केही समय यता मात्र सुरु भएको छ यद्यपि परापूर्वकालदेखि नै प्राकृतिक रुपमा पाइने केही बोटविरुवाहरु स्थानीय तवरमा औषधीका रुपमा प्रयोग हुनाका साथै अन्तर्राष्ट्रिय बजारमा समेत निकासी हुदै नआएका भने होइनन् । सरकारद्वारा वन व्यवस्थापनका नीति, नियम, योजना तथा कार्यक्रमहरु बनाउँदा समेत पहिले पहिले काठ उत्पादन गतिविधिलाई मात्र ध्यान दिइएको पाइन्थ्यो भने विश्व विद्यालयहरुमा हुने पठन पाठनमा समेत जडीबुटी तथा गै.का.व.पै. ले खासै स्थान पाउन सकेको थिएन यद्यपि केही नीतिगत कार्यपत्रहरुमा जडीबुटीको महत्व दर्साइनुका साथै वन ऐन तथा नियमावलीमा खासगरि राजश्व सङ्कलनका दृष्टिले केही नियमहरु नबनाइएका भने होइनन् । बिगत केही वर्षयता स्थानीय जनताको सहभागिताद्वारा वनको व्यवस्था गर्ने नीति सरकारले अवलम्बन गरे पछि बनेका नीतिगत कार्यपत्र खासगरी वन क्षेत्रको गुरु योजनामा भने जडीबुटी तथा गै.का.व.पै. व्यवस्थापनले केही स्थान तथा प्राथमिकता पाएको महसुस हुन्छ । छिटपुट रुपमा भएका विभिन्न अध्ययन, कार्यक्रम तथा प्रयासहरु मार्फत भएका अनुभव र सिकाइहरुलाई आधार मानेर जडीबुटी व्यवस्थापनलाई अझै सरल, पारदर्शी एवम् वैज्ञानिक तवरले व्यवस्थित गर्नका लागि सरकारले हालै जडीबुटी एवं गै.का.व.पै. विकास नीति, २०६१ तयार गरेको छ । सो नीतिमा भएका प्रमुख व्यवस्थाहरु, नीति लागू गर्न गरिएका प्रयासहरु, नीतिमा प्रस्ट्याउनु पर्ने कुराहरु र नीतिलाई व्यवहारमा उतार्दा पर्न सक्ने सम्भावित चुनौतीहरु यस लेखमा समेट्ने प्रयास गरिएको छ ।

## नीतिका उद्देश्यहरु

प्राकृतिक रुपमा पाइने जडीबुटी तथा गै.का.व.पै को सङ्कलनबाट खासगरी गरिब, महिला तथा पिछडिएका वर्गहरुले विगतमा बढी फाइदा पाएका तथा भविष्यमा पनि पाउने संभावना समेत रहेकाले गरिबी न्यूनीकरण गर्नका लागि यस क्षेत्रको प्राथमिकताका साथ व्यवस्था गर्नुपर्ने आवश्यकता महसुस गरी श्री ५ को सरकारले यो नीतिको तर्जुमा गरेको पाईन्छ । जडीबुटी तथा गै.का.व.पै.को समग्र विकासको लागि विभिन्न निकायहरु जस्तैः सरकार, निजी क्षेत्र, नागरिक समाज तथा स्थानीय जनताको उत्तिकै तथा जिम्मेवार भूमिका रहेको तथ्यलाई आत्मसात् गर्नुको साथै ती सम्पदाको उत्पादन, व्यापार तथा विकासमा सफलता हासिल गर्न हालै श्री ५ को सरकारले अवलम्वन गरेको आर्थिक उदारीकरण एवम् खुल्लापन नीतिको अनुशरण गर्नुपर्ने तथ्यलाई हृदयंगम गरी प्रस्तुत नीति निर्माण गरिएको पाइन्छ । समग्रमा विश्व सामु नेपाललाई जडीबुटी तथा गै.का.व.पै. को वृहत भण्डारका रुपमा चिनाउने र यसको उचित व्यवस्थापन तथा उपयोगका माध्यमबाट नेपाली जनताको आर्थिक सामाजिक रुपान्तरणमा टेवा पुऱ्याउने उद्देश्य लिई यो नीति लागू गरिएको पाइन्छ ।

**नीतिगत व्यवस्थाहरु**

यस नीतिको उद्देश्य प्राप्तिको लागि नीतिगत रुपमा गरिने कामका आधारमा ५ बुँदामा केन्द्रित कुल २२ ओटा नीतिगत व्यवस्था गरिएको देखिन्छ जसको सङ्क्षिप्त विवरण यहाँ प्रस्तुत गरिन्छ ।

१. दिगो विकासको अवधारणाको आधारमा संरक्षण र सदुपयोग गर्ने

यस अन्तर्गत प्राकृतिक रुपमा रहेका जडीबुटी तथा गै.का.व.पै.को स्रोत सर्वेक्षण गरी निश्चित तथा वैज्ञानिक आधारमा व्यवस्थापन प्रणाली बनाएर लागू गरिने, स्थानीय र परस्थानीय तरिकाद्वारा लोप हुन लागेका जडीबुटी एवं गै.का.व.पै. लाई जोगाउने तथा बजारको मागलाई समेत निरन्तर आपूर्तिको व्यवस्था मिलाउने, सम्भाव्यताका हिसाबले कुनै खास भौगोलिक क्षेत्रलाई जडीबुटी क्षेत्र तोक्ने र सो क्षेत्रको व्यवस्थापनलाई विशेष महत्व दिने कुरा उल्लेख छन् । त्यस्तै जडीबुटी तथा गै.का.व.पै. सङ्कलनमा स्थानीय वासिन्दा र प्रशोधनमा स्थानीय उद्यमीलाई धेरै भन्दा धेरै फाइदा पुऱ्याउने तरिका अवलम्वन गर्दै आवश्यकता अनुसार अल्पकालीन र दीर्घकालीन गुरु योजना तयार गरी लागू गरिनुका साथै समग्रकामको अनुगमन गर्ने कुरा उल्लेख छन् ।

२. जनसहभागितालाई प्रोत्साहन गरिने

जडीबुटी तथा गै.का.व.पै. व्यवस्थापनको अलावा सामुहिक जमिन, सा.व., कवुलियती वन आदिमा खेतीका लागि गरिबीको रेखामुनि रहेका महिलालाई प्राथमिकताका साथ सहभागी गराइने कुरा नीतिले स्पष्ट पारेको छ । उत्पादक, सङ्कलनकर्ता र बिक्रीकर्ताहरुको सञ्जाल स्थापना गरी बिक्री, वितरण र निकासीको व्यवस्था मिलाउनुका साथै उद्योग स्थापनामा सहकारीको अवधारणालाई जोड दिने कुरा समेत यस बुँदामा उल्लेख छ ।

३. प्रमाणीकरण र कर प्रणाली सरलीकृत गरिने

निजी स्तरमा खेती गरी उत्पादन भएका जडीबुटी तथा गै.का.व.पै.को प्रमाणीकरण र कर प्रक्रियालाई सरलीकृत गर्नुका साथै प्रशोधन गरेर वा नगरिकनै खुल्ला रुपमा विक्री वितरण गर्न सकिने व्यवस्था यस बुँदामा रहेको पाइन्छ । जैविक खेती तथा दिगो व्यवस्थापन गरी सङ्कलन गरिएका जडीबुटी तथा गै.का.व.पै. लाई उक्त कुराको प्रमाणीकरण गरिने व्यवस्था पनि नीतिमै उल्लेख छ । वानस्पतिक विशेषता, उपलब्धता र अनुवांशिक भिन्नताको पहिचान तथा अभिलेखीकरण गर्न साधन सुविधा सम्पन्न प्रयोगशालाको स्थापना गरी उपयुक्त प्रविधिको समेत विकास गरिने कुरा प्राथमिकताका साथ उल्लेख गरिएको छ । वनवाट सङ्कलन हुने जडीबुटी तथा गै.का.व.पै.को राजश्व निर्धारण प्राथमिक सङ्कलनकर्ताले स्थानीय स्तरमा विक्री गर्ने मूल्यलाई आधार मानेर गर्ने र उक्त दर बढीमा ५-५ बर्षमा समीक्षा गर्ने व्यवस्था पनि यहाँ उल्लेख गरिएको छ ।

४. उपयुक्त प्रविधि र विकासको प्रतिफल जनसमुदाय समक्ष पुऱ्याउने

अनुसन्धानद्वारा व्यवसायिक प्रजातिहरुको पहिचान गरी खेती प्रविधिको समेत विकास गरी जनसमुदायसम्म पुऱ्याइने व्यवस्था यस बुँदामा उल्लेख गरिएको छ । बोटविरुवामा भएका औषधी, सुगन्धित तेल तथा सक्रिय तत्व पहिचान गरी प्रशोधन तथा पृथकीकरण गर्ने, व्यवसायलाई सहयोग गरिने कुराको साथै नेपालका स्रोतको बजार विदेशमा समेत भएकाले नेपाललाई अधिकतम फाइदा हुने गरी बजार व्यवस्था मिलाइने, प्रविधि विकास र परीक्षणमा संलग्न सङ्घ संस्था तथा प्रक्रियालाई प्रभावकारी बनाइने कुरा पनि यहाँ स्पष्ट पारिएको छ ।

५. जनचेतना अभिवृद्धि गरी सीप विकास र व्यवसायीकरण सरलीकृत गर्न सहुलियत प्रदान गर्ने

जडीबुटी तथा गै.का.व.पै.को सङ्कलन, व्यवस्थापन र खेती प्रविधिको बारेमा सङ्कलनकर्ता, उत्पादक तथा उपभोक्तामा चेतना अभिवृद्धि गराई सीपको समेत विकास गर्ने अवसरको सिर्जना गराइनुको साथै उक्त कार्यमा लाग्ने व्यक्ति तथा सङ्घ संस्थालाई सहुलियत प्रदान गरिने प्रावधान उल्लेख गरिएका छन् ।

## प्रमुख कार्यनीतिहरु

यि नीतिलाई व्यवहारमा उतार्न प्रमुख रुपमा २८ ओटा कार्यनीतिहरुलाई प्रस्ताव गरिएका छन् । ती कार्यनीतिहरु सङ्क्षेपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

जडीबुटी तथा गै.का.व.पै.को विकासका लागि गरिने विभिन्न कार्यमा सरकारको भूमिका सहयोगी, उत्प्रेरक र नियामक हुनाका साथै निजी तथा सहकारी क्षेत्रलाई प्रत्यक्ष संलग्न गराइने व्यवस्था कार्यनीतिमा उल्लेख गरिएको छ । जडीबुटी तथा गै.का.व.पै.को क्षेत्रमा प्रत्यक्ष र सक्रिय भूमिका खेल्ने सरकारी तथा गैह्रसरकारी क्षेत्रका सङ्घ संस्थालाई समयानुकूल ढङ्गले सुदृढीकरण गरी तिनीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यमा प्रोत्साहन गरिने व्यवस्था रहेको पाइन्छ । सहकारीको स्थापनालाई प्रोत्साहन गरी जडीबुटी तथा गै.का.व.पै.को व्यवस्थापन र विकासका लागि सामुहिक कामलाई बढावा दिइने कुरा कार्यनीतिमा प्रष्ट उल्लेख भई यस्ता सहकारीलाई अन्य सङ्गठित वित्तिय संस्थाबाट सहुलियत ऋण तथा आर्थिक सहयोगको व्यवस्था मिलाइने प्रावधान समेत रहेको पाइन्छ । जडीबुटी तथा गै.का.व.पै. सम्बन्धी अध्ययन अनुसन्धानलाई निरन्तरता दिनुका साथै स्रोत सर्वेक्षण गरी तथ्याङ्क राख्ने र यस्ता अध्ययन तथा तथ्याङ्कका आधारमा सङ्कलनको व्यवस्था गरिने कुरा पनि कार्यनीतिले गरेको पाइन्छ । सामुदायिक वन, कवुलियती वन र सरकारी वन भित्र जडीबुटी खेतीलाई वढावा दिने कार्यको साथै निजी क्षेत्रमा गरिएको जडीबुटी खेतीलाई सरल एवं सहजरुपमा विक्री व्यवस्था मिलाउने उदेश्यले वन निकायमा दर्ता गर्ने व्यवस्था समेत कार्यनीतिमा प्रष्ट गरिएको छ । आनुवांशिक स्रोत तथा पदार्थहरु माथि कानुनी हक अधिकार स्थापित गरी तिनको उपयोगबाट प्राप्त लाभको समन्यायिक बाँडफाँटको प्रक्रियालाई व्यवस्थित गर्न कानुनी व्यवस्था समेत गरिने प्रतिवद्धता कार्यनीतिमा झल्कन्छ । जडीबुटी तथा गै.का.व.पै.को मूल्य अभिवृद्धिलाई प्रोत्साहन गर्न स्थानीय स्तरमा लघु तथा मध्यम खालका उद्यमहरुको विकास गर्नु पर्ने कुराको सरकारले महसुस गरी त्यसका लागि आर्थिक तथा प्राविधिक सहयोग हुने कुरा उल्लेख गरिएको छ । देशभित्र आयुर्वेदिक तथा एलोपेथिक औषधी उत्पादन गर्नका लागि उत्पादनकर्तालाई विभिन्न तवरले प्रोत्साहन गरी औषधीका लागि आवश्यक कच्चा पदार्थको उत्पादनलाई बढावा गर्न कार्यनीतिमा प्रष्ट गरिएको पाइन्छ । स्थानीय साना उद्योगको हितलाई ध्यान दिई विदेशी लगानी र प्रविधिलाई समेत प्रोत्साहन गरिने कुरा पनि कार्यनीति भित्र पर्दछन् । जिल्ला, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत जडीबुटी तथा गै.का.व.पै.को व्यापार प्रवर्द्धन गरिने ढङ्गले मेलाहरु आयोजनाको माध्यमबाट तथा नमुना प्रदर्शन स्थलको स्थापनागरी यसको विकास गरिने कुरा कार्यनीतिमा प्रतिवद्धता देखिन्छ । बजार सूचना संयन्त्रको विकास गर्नुका साथै स्थानीय स्तरमा सञ्चालित विभिन्न किसिमका विकास निर्माण कार्यक्रमहरुसँग सामञ्जस्यता मिलाएर जडीबुटी तथा गै.का.व.पै. को दिगो व्यवस्थापन गरिने जस्ता कार्यदेखि गरिब र भूमिहिनहरुलाई पाखा, पर्ति आदि जग्गामा जडीबुटी तथा गै.का.व.पै.को सामूहिक खेती गर्ने कार्यमा प्रोत्साहन गरिने जस्ता महत्वपूर्ण व्यवस्थाहरु कार्यनीतिमा रहेका पाइन्छन् । विभिन्न महत्वपूर्ण प्रजातिको खेती विस्तारमा आधुनिक प्रविधि विकास गरी स्थानीय समुदायलाई हस्तान्तरण गरिने कार्यका साथै कृषिवालीसँग अन्तरवालीको रुपमा समेत जडीबुटी तथा गै.का.व.पै.को खेतीलाई वढावा दिइने प्रावधान पनि यस कार्यनीतिले अँगालेको पाइन्छ ।

## नीति निर्माण प्रक्रिया

जडीबुटी एवम् गैह्र काष्ठ वन पैदावार विकास नीति, २०६१ निर्माण कार्य प्रक्रिया निम्नानुसार रहेको थियो ।

| सि.नं. | मिति | क्रियाकलाप | सहभागी संस्थाहरु |
|---|---|---|---|
| १ | ३० चैत्र २०५९ | नीति तर्जुमाको लागि उपसमिति गठन | वन विभाग, वनस्पति विभाग र एन्साब (गैह्र सरकारी संस्था) |
| २ | १९-२० साउन २०६० | राष्ट्रिय स्तरको गोष्ठी | उपभोक्ता समूह प्रतिनिधि, सा.व. उपभोक्ता महासङ्घ, स्थानीय तथा राष्ट्रिय गैह्र सरकारी संस्था, निजी व्यापारी, दातृ सस्था, सरकारी संस्था, स्थानिय जनप्रतिनिधिहरु आदि । |
| ३ | ७ कार्तिक २०६० | नीतिको पहिलो मस्यौदा तयार | वनस्पति विभाग |
| ४ | ७ कार्तिक - १ मंसिर २०६० | वनस्पति विभागद्वारा विभिन्न सङ्घ-संस्थाहरुसँग लिखित राय तथा प्रतिक्रिया सङ्कलन | सरकारी संस्था खास गरी विभिन्न विभागहरु, राष्ट्रिय तथा अर्न्राष्ट्रिय स्तरका गैह्र सरकारी संस्था, आदि । |
| ५ | २ मंसिर २०६० | नीतिको दोस्रो मस्यौदा तयार | उच्च स्तरीय जडीबुटी एवम् गैह्रकाष्ठ वन पैदावार समन्वय समिति |
| ६ | २० फाल्गुन २०६० | राष्ट्रिय स्तरको गोष्ठी आयोजना | सरकारी तथा गैह्र सरकारी संस्था, अन्तराष्ट्रिय गैह्र सरकारी संस्था, दातृ संस्था, वन सम्बन्धी परियोजना, प्राविधिकहरु, पत्रकारहरु, सा.व. उपभोक्ता महासङ्घ, हिमाली जडीबुटी सरोकार समूह आदि । |
| ७ | ३० चेत्र २०६० | नीतिको तेस्रो मस्यौदा तयार | उच्च स्तरीय जडीबुटी एवम् गैह्रकाष्ठ वन पैदावार समन्वय समिति |
| ८ | ३१ आषाढ २०६१ | नीति अनुमोदन तथा श्री ५ को सरकारको स्वीकृतिको लागि वन तथा भू-संरक्षण मन्त्रालयमा पेश | उच्च स्तरीय जडीबुटी एवं गैह्रकाष्ठ वन पैदावार समन्वय समिति |
| ८ | २२ भदौ २०६१ | जडीबुटी एवम् गैह्रकाष्ठ वन पैदावार विकास नीति २०६१ लागू गर्ने निर्णय | मन्त्री परिषदको निर्णय |

यसरी नीति निर्माण प्रक्रिया तथा सहभागी गराइएका सङ्घ संस्थाहरु हेर्दा यो नीति निर्माण प्रक्रिया प्रजातान्त्रिक भएको महसुस हुन्छ ।

## नीतिले सम्बोधन गरेका विशेष पक्षहरु

हाम्रो अज्ञानता एवम् उपयुक्त नीतिको अवाभका कारणले प्रकृतिमा खेर गइरहेको तथा अव्यवस्थित तरिकाले प्रयोग तथा कारोवार भइरहेको जडीबुटी तथा गै.का.व.पै. को व्यवस्था गर्ने र यी स्रोतको उचित विकासद्वारा नेपाल र नेपाली जनताको आर्थिक सामाजिक रुपान्तरण गर्ने जस्ता उद्देश्यका साथ यो नीति कार्यन्वयनमा आउनु सान्दर्भिक र समसामयिक देखिन्छ । जडीबुटी तथा गै.का.व.पै. विकासका क्षेत्रमा विगतका अनुभवले देखाएका समाजका विभिन्न क्षेत्रहरु खासगरी सरकारी, गैह्र सरकारी, निजी, स्थानीय निकाय एवं नागरिक समाजको महत्वपूर्ण योगदान तथा विश्वमै विकसित भइरहेको बहुलवादी संस्कृतिलाई समेत आत्मसात् गर्दै यी क्षेत्रहरुको भूमिकालाई समयानुकूल पुनः परिभाषित गर्ने कुरा नीतिमै आउनु प्रशंसनीय देखिन्छ । सरकारले सहयोगी, उत्प्रेरक र नियामक भूमिका खेल्ने तथा अन्य क्षेत्रलाई आ-आफ्ना भूमिका निर्वाह गर्न सुदृढीकरण गरिने कुराले विभिन्न संस्थाहरु बीच सहकार्य गर्ने उपयुक्त वातावरण सिर्जना हुने आशा गर्न सकिन्छ । आर्थिक उदारीकरणको नीतिलाई अवलम्वन गर्दै स्वदेशी तथा स्थानीय सिर्जनशील कार्यलाई बढावा दिने प्रस्तुत नीतिले स्थानीय स्रोतको परिचालन तथा बाह्य स्रोतको आकर्षण गर्ने दुबै चुनौतीपूर्ण कार्यलाई सहयोग पुऱ्याउने कार्यमा थप टेवा मिल्ने सम्भावना देखिन्छ ।

संभाव्यताका आधारमा खास क्षेत्रलाई जडीबुटी क्षेत्र तोक्ने कार्य गर्नुले सरकार जडीबुटी तथा गै.का.व.पै. को दिगो विकासमा गम्भीर रहेको छ भन्ने कुरा स्पष्ट हुन्छ । समग्र वन क्षेत्र तथा अन्य स्रोत व्यवस्थापनको नीतिसँग मेल खाने गरी जनसहभागिताको माध्यमबाट जडीबुटी तथा गै.का.व.पै. को विकास गर्नु समसामयिक, व्यवहारीक तथा तर्क सङ्गत कुरा हो । यसमा पनि महिला, पिछडिएका तथा गरिब जनताको संलग्नतामा गराइने यस्ता कार्यले गरिबी न्यूनीकरणमा टेवा पुग्ने संभावना देखिन्छ । हाल व्यवसायिक कारोवारका क्रममा व्यवहारमा देखिएका प्रशासनिक जटिलता तथा निजी जग्गाबाट भएका उत्पादनको समेत कर तिर्नुपर्ने मौजुदा व्यवस्थालाई निराकरण गर्ने र जैविक तथा दिगो उत्पादनको प्रमाणीकरण गरी अनुवांशिक स्रोतको कानुनी हक अधिकार स्थापित गर्न कानुन पनि बनाइने हुनाले विश्व बजारमा हाम्रा उत्पादनहरुले सापेक्षीत रुपमा बढी फाइदा लिन सक्ने स्थितिको सिर्जना हुनसक्ने देखिन्छ । त्यस्तै उपयुक्त प्रविधिहरुको विकास गरी जन समुदायमा हस्तान्तरण गरिने कुराले उत्पादकत्वमा पनि वृद्धि हुने आशा गर्न सकिन्छ । सहकारिताको विकास र अन्य वित्तीय संस्थाहरुको समेत प्रतक्ष्य सहयोगको वातावरणले यस क्षेत्रमा लागि परेका सङ्घ-संस्था, व्यापारी, उद्योगी, जनता आदिमा राहतको महसुस हुने छ भन्ने कुरामा आशावादी हुन सकिने देखिन्छ ।

## नीति लागू गर्न गरिएका प्रयासहरु

श्री ५ को सरकारले २०६१ भदौमा नीति लागू गरेपछि सो नीति लागू गर्न विभिन्न प्रयासहरु समेत गरेको पाइन्छ । जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावार विकास नीति, २०६१ प्रकाशित गरी यसको प्रचार-प्रसार तथा वितरण भइरहेको छ । यसै सिलसिलामा राष्ट्रिय प्राथमिकतामा ३० ओटा र खेती तथा व्यवस्थापन गर्न व्यवसायिक सम्भाव्यता भएका १२ ओटा प्रजातिहरु छनौट गरिएको छ । त्यस्तै सामुदायिक वन, कवुलियती वन, मध्यवर्ती क्षेत्र जस्ता समूहमा आधारित वन व्यवस्थापनका कार्ययोजनाहरुमा जडीबुटी तथा गै.का.व.पै. व्यवस्थापन तथा विकास सम्बन्धी व्यवस्था गर्न सुरु गरिसकिएको छ । वन निकायमा जिल्ला स्थित कार्यालयहरुबाट आगामी वर्षको विकास कार्यक्रम तर्जुमा गर्दा जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावार तर्फ ध्यान दिन विशेष निर्देशन दिइएको पाइन्छ जस अनुरुप सामुदायिक वन तथा कवुलियती वन विकास कार्यक्रमहरुमा जडीबुटी तथा गै.का.व.पै. विकास कार्यक्रम एउटा प्रमुख अङ्गको रुपमा राख्ने व्यवस्था भएको पनि पाइन्छ जडीबुटी तथा गै.का.व.पै. को विकासका लागि सञ्चालनमा रहेका विभिन्न परियोजनाहरु एवम् सङ्घ संस्थाहरु बीच समन्वय गर्ने काम सुरु भएको छ । जडीबुटी तथा गै.का.व.पै. विकासका लागि अत्यावश्यक नीति नियम तर्जुमा तथा अन्य कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले सरकारी, गैह्र सरकारी निकाय एवम् नागरिक समाजको समेत प्रतिनिधित्व भई गठन भएको उच्च स्तरिय जडीबुटी तथा गै.का.व.पै. विकास समितिको सचिवालय समेत स्थापना भई सकेको छ । यस सर्न्दभमा प्रस्तुत नीति कार्यन्वयन गर्न तर्फ उक्त समितिले महत्वपूर्ण भूमिका खेल्दै नीतिमा उल्लेख भएका विषयमा बाधा अड्चन हटाइ जडीबुटी तथा गै.का.व.पै. को मौजुदा राजश्व दरमा हेरफेर गर्न र निजी जग्गामा उत्पादन हुने वस्तुहरुको ओसार पसार गर्ने कार्य सरल पार्न गृहकार्य समेत गरिरहेको बुझिन्छ ।

## नीतिमा प्रष्ट पार्नु पर्ने कुराहरु

प्रस्तुत नीतिमा थुप्रै व्यवस्थाहरुका बारेमा उल्लेख गरिएको भएता पनि केही विषयहरु अझै स्पष्ट हुन बाँकी रहेका छन् भन्ने कुरा विभिन्न सरोकारवालाहरुसँगको छलफल तथा प्रस्तुत नीतिको विश्लेषणात्मक अध्ययनबाट बुझिन आएको छ। यहाँ प्रमुखरुपमा उठेका केही विषयहरु छलफल गर्ने प्रयास गरिएको छ ।

देशको गरिबी न्यूनीकरण तथा आर्थिक सामाजिक रुपान्तरणमा टेवा पुऱ्याउने लक्ष्य लिएको यस नीतिले यी कार्य कसरी गरिनेछ भन्ने कुराको संस्थागत संरचना/व्यवस्था र दिगोपनाको विषयमा अझै स्पष्टता निर्देशित गरेको भएमा सुनमा सुगन्ध हुने थियो । नीतिको दीर्घकालीन सोच भनेको नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा जडीबुटीको भण्डार भनेर चिनाउनु रहेको छ भने नीतिको कार्यान्वयनबाट नेपालीको आर्थिक तथा

सामाजिक रुपान्तरण गर्ने कुरा पनि अगाडि सारिएको छ । यी दुबै कुराहरु बीचको सम्बन्ध अझै स्पष्ट रुपमा भएको देखिंदैन किनकी अन्तर्राष्ट्रिय बजार मार्फत् पाइएको लाभ गरिब जनतासम्म प्रभावकारी रुपले पुऱ्याउन संस्थागत व्यवस्थाका बारेमा नीतिले केही बोलेको देखिंदैन तैपनि निजी क्षेत्र, गैह्र सरकारी संस्था, स्थानीय निकाय तथा स्थानीय जनताको काम, कर्तव्य, अधिकार तथा भूमिका परिभाषित गर्दा यो कुरालाई मध्यनजर गरेर उपयुक्त वातावरण सिर्जना हुन सक्ने कुरालाई नकार्न भने मिल्दैन । नीतिमा जडीबुटी तथा गै.का.व.पै. प्रयोग गरेर स्थानीय उपभोग्य वस्तुको उत्पादन गर्ने, स्थानीय उपयोग बढाउने, स्थानीय बजार सिर्जना गर्ने कुरालाई स्पष्ट रुपमा अगाडि सार्न सकिएको नदेखिएता पनि अन्तर्राष्ट्रिय बजारलाई लक्षित गरी विभिन्न वस्तुहरु निर्यात गर्ने सम्बन्धी भने केही व्यवस्था गरेको पाइन्छ । नीतिले जडीबुटी तथा गै.का.प.पै. को विकास, उपयोग आदि सम्बन्धी स्थानीय ज्ञान, सीप तथा अवसरहरुलाई यथासम्भव प्रयोग गर्ने कुरा स्पष्ट रुपमा अगाडि सार्न खोजेको भान नभएता पनि उद्यम विकासका लागि भने स्वदेशी प्रयासलाई केही सहुलियत प्रदान गर्ने व्यवस्थाको ढोका खोलेको छ जुन स्वागत योग्य देखिन्छ । स्थानीय रुपमा औषधीमूलो गर्ने तथा बैद्यकाम गर्ने व्यक्तिका ज्ञानका आधारमा स्थानीय प्रयोगलाई बिस्तारै वैज्ञानिकीकरण गरिने कुरा नीतिले नै स्पष्ट रुपले अगाडि सारेको भएमा झन सुनमा सुगन्ध नै हुने थियो । नीतिका धेरै जसो भागमा व्यापार व्यवसायका विकासका लागि व्यवस्था गरिने कुरा उल्लेख छ तर जैविक विविधताका दृष्टिले महत्वपूर्ण भएतापनि व्यवसायका हिसाबले तत्कालै त्यति धेरै महत्व नभएका प्रजातिका बारेमा नीतिले धेरै महत्व दिएको देखिंदैन । नीतिको उपयुक्त कार्यान्वयनका लागि विभिन्न निकायहरु बीच कसरी समन्वयात्मक वातावरण तय गरिन्छ तथा स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म त्यसको संस्थागत व्यवस्था के हुन्छ भन्ने कुरा नीतिमा स्पष्ट देख्न नपाएता पनि विभिन्न सरोकारवालाहरुको भूमिका पुनः परिभाषित गरिने कुरा स्पष्ट पारिएकोले सो कुरालाई व्यवस्थित गर्न यस नीति अर्न्तगत बन्ने ऐन, नियम तथा मार्गदर्शनमा पर्याप्त व्यवस्था हुनेछ भन्ने आशा गर्न सकिन्छ । धेरैजसो नीतिगत व्यवस्थामा "प्रोत्साहन गरिने छ" भन्ने शब्दावली प्रयोग गरेता पनि कसरी प्रोत्साहन गरिने छ भन्ने कुराको बारेमा निकै कम मात्र ध्यान पुग्न सकेको देखिन्छ । प्रोत्साहन गरिने साधन तथा तरिकाको बारेमा अझै प्रष्टता हुन सकेको भए सरोकार समूह बीच हुने द्विविधाहरु स्वतः हट्न सक्ने देखिन्थ्यो ।

## नीति कार्यान्वयनमा सम्भावित चुनौतिहरु

राम्रो नीति बनेता पनि कार्यान्वयन तहसम्म पुग्दा थुप्रैखालका चुनौतिहरुको सामना गर्नुपर्ने अवस्थाको सिर्जना हुन सक्ने सम्भावनाहरु नीतिगत प्रावधान तथा हालसम्मका हाम्रा अनुभवहरुलाई हेर्दा सहजै अनुमान गर्न सकिन्छ । यसका साथै नेपालमा बनेका अन्य क्षेत्रका कतिपय राम्रा नीति नियमहरु पनि व्यवहारमा लागू गर्दा निकै कठिनाइ आएका प्रशस्तै उदाहरणहरु हाम्रा सामु विद्यमान देखिएकाले यो नीति लागू गर्न पनि थुप्रै खालका चुनौती आउन सक्ने सम्भावनालाई नकार्न सकिंदैन । जडीबुटी तथा गै.का.व.पै. को व्यापार अन्तर्राष्ट्रिय बजारमा गरिने, उद्योग व्यवसायमा स्वदेशी तथा विदेशी लगानीलाई मौका दिइने तथा स-साना लघु उद्योग र अन्य कामका लागि सहकारिताका माध्यमबाट गरिने कुरा नीतिमा प्रावधान राखिएता पनि ती कारोबारहरुबाट गरिब, दलित तथा महिला वर्गलाई कसरी बढी भन्दा बढी फाइदा पुऱ्याउन सकिनुका साथै देशको आर्थिक सामाजिक रुपान्तरणमा सहयोग गर्न सकिन्छ भन्ने कुरा अझै चुनौतीपूर्ण नै रहेका छन् । जडीबुटी तथा गै.का.व.पै. को राजश्व दर निर्धारण स्थानीय सङ्कलनकर्ताले पाउने मूल्यका आधारमा गर्ने भनिएको भएतापनि यसको कति प्रतिशत सम्म गर्ने हो र कसले गर्ने हो, कसरी गरिने हो भन्ने कुरा स्पष्ट नभएकाले व्यवहारमा उतार्न निकै कठिन हुनसक्छ किनकी स्थानीय बजारमा सङ्कलनकर्ताले पाउने मूल्य एकनासको हुन तथा विभिन्न सरकोकारवालाहरुको सहमत हुन कठिन छ । त्यस्तै नीति कार्यान्वयनका लागि आवश्यक पर्ने ऐन, नियम, मार्गदर्शन आदि बनाउने काम चुनौतीपूर्ण र समय लाग्ने कार्य हो । देशको बदलिँदो राजनीतिक, आर्थिक र सामाजिक परिस्थितिमा जडीबुटी तथा गै.का.व.पै. विकासको प्राथमिकता नै ओझेलमा पर्न सक्छ । गरिबी

न्युनीकारणका लागि गरिबलाई विशेष लक्षित गरेर गरिने कार्यक्रमहरु व्यवहारमा लागू गर्ने कार्य आफैमा कठिन छ । नीति कार्यान्वयन गर्ने संस्थागत संरचना पुरानै भएपनि नीतिले निर्दिष्ट गरेका लक्ष्य प्राप्तिका लागि काम गर्ने परिपाटी, मूल्य, मान्यता र कार्यशैली फरक पार्नु पर्ने हुन सक्छ जुन चुनौतीपूर्ण नै हुन्छ । जडीबुटी तथा गै.का.व.पै. विकासका क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले काम गर्ने विभिन्न सङ्घ संस्थाहरुले यस क्षेत्रको विकासका लागि प्राथमिकताका साथ सहयोग पुऱ्याउन प्रयत्नशील भएतापनि यिनीहरुसँग आवश्यक ज्ञान र दक्ष जनशक्तिको कमी नै देखिएकोले नीतिमा उल्लेखित उद्देश्य प्राप्त गर्नु चुनौतीपूर्ण छ ।

## निष्कर्ष

जडीबुटी तथा गै.का.व.पै. को समग्र र एकीकृत विकासका लागि सरकारी, गैह्र सरकारी तथा निजी क्षेत्रबाट कार्यगत रुपमा यथेष्ट प्रयास हुनु पर्ने जरुरी छ । जडीबुटी तथा गै.का.व.पै. विकासमा देखिएका वाधा व्यवधान हटाइ यस क्षेत्रको प्रभावकारी रुपले विकास गरी देशको गरिबी न्यूनीकरण तथा आर्थिक सामाजिक रुपान्तरण गर्ने उद्देश्य लिएको जडीबुटी एवं गै.का.व.पै. विकास नीति, २०६१ समसामयिक र सान्दर्भिक देखिन्छ । यस क्षेत्रलाई विकास गर्न नीतिमा भएका प्रावधानहरु सहयोगी हुनेछन् भनी आशा गर्ने प्रशस्त ठाँउहरु छन् । प्रस्तुत नीतिमा हालसम्म भएका अधिकांश सिकाइ तथा अनुभवलाई आत्मसात् गरी कतिपय विषयवस्तुमा गहिराइसम्म पुगेर विश्लेषण गरिएको पाइन्छ भने कतिपय विषयलाई विश्लेषण गर्दा भने गहिराई सम्म पुग्न सकेको आभाष पाइंदैन । सबै विषयमा गहिराई सम्मको अध्ययन भई नीति आउन सकेको भए प्रस्तुत नीतिको प्रभावकारीता अझै बढ्ने आशा गर्न सकिन्थ्यो । धेरै जसो नीतिगत प्रावधानमा प्रोत्साहन गरिने कुरा उल्लेख गरिएको छ तर कसरी प्रोत्साहन गरिन्छ भन्ने कुरा प्रष्ट हुन नसकेकाले नीतिका आधारमा बन्ने अन्य कानुनी व्यवस्थाले निर्दिष्ट नगरेसम्म नीतिको कार्यान्वयन कति प्रभावकारी ढङ्गले कुन दिशा तर्फ उन्मुख हुन्छ भन्ने कुराको अन्यौलता रहन सक्छ । त्यस्तै नीति कार्यान्वयनका लागि कस्तो खालको संस्थागत संरचना र जनशक्तिको आवश्यकता पर्ने हुन्छ भन्ने विषयमा अझै थप अध्ययन, गृहकार्य तथा सरोकारवालाहरु बिच सहकार्य गर्नु पर्ने खाँचो देखिन्छ । नीति अनुकूलका विभिन्न कार्यहरु लागू गर्दा आइपर्न सक्ने चुनौतीहरु प्राविधिक, सामाजिक, आर्थिक तथा राजनैतिक प्रकृतिका हुने भएकाले त्यस्ता चुनौतीहरु सकेसम्म कम पर्ने गरी वा चुनौतीको सामना गर्ने परिपाटी तथा कार्यविधि समेत बनाएर नीति कार्यान्वयन गर्न शीघ्र मार्गदर्शन बनाउनु पर्ने देखिन्छ । प्रस्तुत नीति तर्जुमाका क्रममा श्री ५ को सरकारले यस क्षेत्रमा सम्लग्न हुँदै आएका प्रायः सम्पूर्ण सरोकारवालाहरुलाई प्रत्यक्ष रुपमा सहभागी गराएको हुँदा सबै पक्षबाट नीतिको उद्देश्य प्राप्तिका लागि यसको कार्यन्वयनमा योगदान पुग्ने आशा गर्न सकिन्छ ।

## सन्दर्भ सामाग्री

जडीबुटी एवम् गैह्रकाष्ठ वन पैदावार विकास नीति- २०६१, वन तथा भू-संरक्षण मन्त्रालय ववरमहल, काडमाडौं ।

(लेखकद्वय डा. पराजुली श्री ५ को सरकार वन तथा भू-संरक्षण मन्त्रालय र श्री लुइँटेल फरेष्टएक्सनमा कार्यरत हुनुहुन्छ)